Research Article

Adhyayan Journal
A Peer-reviewed Multidisciplinary Journal

# इलाम जिल्लाका विद्यालयमा प्रारम्भिक बालविकास शिक्षा सञ्चालनको वर्तमान अवस्था

# The Existing Situation of Early Childhood Development Education in Schools of Ilam

**Badri Prasad Phuel[1] and Dil Nath Phuel[2*]**

[1]Department of Education, Mahendra Ratna Multiple Campus, Ilam, Nepal, badri.phuel@gmail.com;
[2]Department of Economics Education, Mahendra Ratna Multiple Campus, Ilam, Nepal

**लेखसार**

*यस अध्ययनको उद्देश्य प्रारम्भिक बालविकास शिक्षा सञ्चालनको वर्तमान अवस्था खोजी गर्नु रहेको छ । अध्ययनमा गुणात्मक अनुसन्धान ढाचालाई उपयोग गर्दै शाब्दिक रूपमा सङ्कलन गरिएको सूचनाको विश्लेषणसमेत व्याख्यात्मक ढङ्गले गरिएको छ । यहाा खुला प्रश्नावली तथा अन्तर्वार्ता एवम् छलफलका साथै अध्ययनकर्ताको स्थलगत अवलोकनका माध्यमबाट सङ्कलित सूचनालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने विषयसाग सम्बन्धित प्रकाशित तथा अप्रकाशित सामग्री द्वितीय स्रोत हुन् । यस अध्ययनमा अध्ययनकर्ताको सुविधालाई हेरेर इलाम नगरपालिकामा सञ्चालित छैसठीवटा विद्यालयमा आधारित बालविकास केन्द्रमध्ये चारवटा उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएको छ । यहाा छानिएका चारबाट केन्द्रका बालविकास समिति अध्यक्ष चार जना, प्रधानाध्यापक चार जना, सहायक कार्यकर्ता चार जना तथा अभिभावक चार जना समेत उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएका छन् । अध्ययनको सिलसिलामा विभिन्न स्रोतबाट आएका सूचनाहरूलाई वर्गीकरण गर्दै अनुसन्धान प्रश्नहरूलाई अलग-अलग विषय-शीर्षकअन्तर्गत विश्लेषण एवम् छलफल गरिएको छ । बालमैत्री वातावरण निर्माण गर्न विद्यालयमा आधारित बालविकास केन्द्रहरूको भौतिक पक्षका साथै पाठ्यक्रम सामग्रीहरूको आपूर्ति, बालशिक्षकको उचित पारिश्रमिक, सफा पिउने पानी तथा अर्ग्यानिक दिवा खाजाको व्यवस्था जस्ता कुराहरूको समेत महत्त्वपूर्ण स्थान रहन्छ । अध्ययनमा बालविकास केन्द्रको माथी उल्लेखित कुराहरूमा नै कमजोरी देखिएको हुदा लक्ष्यमा पुग्न गह्रो हुने देखिन्छ । परिणम स्वरूप शहस्राब्दि लक्ष्य “सबैका लागि शिक्षा” मा पुग्नको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजनाको अभिन्न अङ्गका रूपमा रहेको वालशिक्षाले अपेक्षित सहयोग गर्ने अवस्था देखिएन । यसैले सरोकारवालाहरू सबैलाई यसप्रति जागरण गराउदै बालमैत्री वातावरण निर्माण गर्न सकियो भने बालविकास केन्द्रले लक्ष्य प्राप्त गर्न सक्ने अवस्था देखिन्छ ।*

***शब्दकुञ्जी: कक्षा व्यवस्थापन, बालविकास केन्द्र, शिक्षण, मूल्यांकन, शिक्षण क्रियाकलाप ।***

## Abstract

The major purpose of this study is to explore the existing situation of early childhood development education in Nepal. This study is based on the qualitative approach. Both primary and secondary sources have been used in this study. The primary information has been collected through questionnaire, interviews, field-study and discussion. The published and unpublished materials have been reviewed while collecting the secondary information. There are sixty-six schools-based early childhood development centers in Ilam Municipality, Ilam. The four schools-based early childhood development centers were selected purposively. Four chairpersons of the management commette, four head teachers, four teachers of early childhood development education centre and four parents from the selected four centres have been selected purposively. The collected information has been analyzed and categorized thematically. One of the major

Citation: Phuel, B.P. & Phuel, D.N. (2025). The Existing Situation of Early Childhood Development Education in Schools of Ilam. Adhyayan Journal, 12(1), 127-136.
*Corresponding author: Dil Natah Phuel

findings of the study are that the centres were not found child-friendly. The less child-friendly centres could not justify the establishment of early childhood development centers having the goal of the "Education for all". Therefore, if the stakeholders could be made aware in creating the child-friendly environment in the centres, the early childhood development centers would fulfill the set goal.

***Keywords:*** Child development center, class management, evaluation, teaching, teaching activities.

## परिचय

परम्परागत रूपमा शिक्षाले बालकलाई मानवीय वातावरणमा समायोजन हुन सहयोग गर्दथ्यो भने अहिले आएर जस्तोसुकै सामाजिक वातावरणमा समायोजन हुनसक्ने नागरिक तयार पार्ने काम यसले गर्दछ । शिक्षा आर्जन गर्ने काम शिक्षणको माध्यमद्वारा गरिन्छ । शिक्षणले विद्यार्थीहरूको आवश्यकताहरू पूरा गर्न, विद्यार्थीहरूलाई सिकाइमा संलग्न गराउन, सिकाइमा विद्यार्थीहरूको आत्मविश्वास बढाउन एवम् विद्यार्थीहरूलाई आगामी सफलताका लागि तयार पार्ने काम गर्दछ (कोइराला, २०६५) । नेपाली बृहत् शव्दकोश (२०७९) काअनुसार बालकको शारीरिक, मानसिक, बौद्धिक, सांवेगिक आदिको विकास प्रक्रियालाई बालविकास भनिन्छ ।

गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकास (शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक) का लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण लगायतका सुविधा उपलब्ध गराइ उनीहरूको बृद्धि र विकासमा प्रभावकारिता ल्याउनु प्रारम्भिक बालविकास हो (इभान्स र अन्य, सन् २०००) । अर्को शब्दमा बालविकास भन्नाले व्यक्तिमा आउँने गुणात्मक परिवर्तन भन्ने बुझिन्छ जुन निश्चित नियमका आधारमा शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकास भएको मान्न सकिन्छ । यस अवस्थाका बालबालिकाको विकासमा पोषण, वातावरण, बानी आदि कुराहरूले प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने गर्दछ (थापा र गुरागाई, २०६३) । मानिसका जीवनको पहिलो आठ वर्ष सर्वोत्तम विकासका लागि महत्वपूर्ण समय हो भन्ने कुरा अनुसन्धानहरूले देखाएको छ (तागुमा र अन्य, सन् २०१२) । त्यसैले बच्चाहरूलाई विकास प्रक्रियाका लागि अनुकूल वातावरणमा हुर्कने मौका दिनु आवश्यक छ । यस्तो वातावरण प्रदान गर्ने स्थिति प्रारम्भिक बालबिकास केन्द्रमा रहन्छ । यसैले यो बच्चाको समग्र विकाससँग सम्बन्धित भएको हुदा यहाँ सिकाइ प्रति अभिप्रेरणा प्रदान गर्ने मात्र नभएर स्वास्थ्य, पोषण, एवम् सरसफाइ लगायत अन्य क्षेत्रहरू पनि यसले समेटेको हुन्छ (यङ, सन् २००२) ।

बालबालिकाहरूको विकासात्मक अवस्थाहरू मध्ये २ वर्षदेखि ५ वर्षसम्मको अवधिलाई पूर्व विद्यालयीय अवस्था भनिन्छ । यस अवस्थामा बालबालिकाहरूको द्रुत गतिमा शारीरिक, मानसिक, सामाजिक एवम् संवेगात्मक पक्षहरूको विकास हुन्छ । यो विकासले उसको सुखी र समुन्नत जीवनको सुनिश्चिततातर्फ डोऱ्याउने हुँदा यस अवस्थालाई मानव जीवनको महत्वपूर्ण अवस्थाका रूपमा लिइन्छ (नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०६१) । त्यसैले यस अवस्थाका बालबालिकाहरूलाई दिइँने शिक्षा प्रारम्भिक बालशिक्षा हो । बालबालिकाहरूलाई सामाजिकरणका लागि सहयोग गर्ने उद्देश्यले उमेर सुहाउँदो विभिन्न सिकाइ सामग्रीहरूको व्यवस्था, अन्वेषण गर्ने बानीको विकास, अनुभव र सिक्ने अवसर प्रदान गर्दै बालबालिकाको चौतर्फी विकास गर्ने थलोलाई नै बालविकास केन्द्र भनिन्छ (नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०६१) ।

चार वर्ष पूरा भएका बालबालिकालाई कक्षा १ मा प्रवेश गर्नुभन्दा पहिला दिइने १ वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित शिक्षा नै प्रारम्भिक बालशिक्षा हो । प्रारम्भिक बालशिक्षा कार्यक्रम विभिन्न स्वरूप तथा अवधिमा सञ्चालन गर्ने प्रचलन भए पनि नेपालमा चार वर्षका बालबालिकाको लागि एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने नीतिगत व्यवस्था छ (नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६) ।

कुनै पनि बालबालिकाको प्रारम्भिक बालविकास उमेरमा पाएको अवसर र वातावरणले उनीहरूको विकासको दरलाई निर्धारित गर्दछ । प्रारम्भिक बालशिक्षाको मुख्य कार्य विद्यालय जाने उमेरपूर्वका बालबालिकाको सर्वाङ्गीण व्यक्तित्व विकासमा सहयोग गर्नुका साथै विद्यालय शिक्षामा प्रवेशका लागि तयारी गराउनु हो । प्ररम्भिक बालविकासको अनुभव नभएका बालबालिकाको

भन्दा अनुभव भएकाहरूको विद्यालय शिक्षामा राम्रो उपलब्धि हाँसील गर्न सक्तछन् (जाचिरसोन र अन्य, सन् २०२४) । बालबालिकामा उमेरअनुरूप क्रमिक रूपमा शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास हुने भएको हुँदा यो शिक्षाबाट प्राप्त हुने सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानीको विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक व्यवहार अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन् (नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७७) ।

बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि बालविकास केन्द्रले महत्वपूर्ण योगदान दिने तथ्य निर्विवाद छ । प्रारम्भिक बालविकास कार्यक्रम नेपालको “सबैका लागि शिक्षा” सम्बन्धी राष्ट्रिय कार्ययोजनाको अभिन्न अङ्ग हो । नेपाल सरकार प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षामार्फत आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिबद्ध रहेको देखिन्छ । शिक्षा मन्त्रालयले बालविकास कार्यक्रमको औचित्यलाई महसुस गरी बालविकास केन्द्रहरूको स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापका रूपमा लिएको देखिन्छ (नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६) ।

नेपालमा वि.सं. २००७ सालमा सरकारी स्तरबाट काठमाडौंमा मण्टेश्वरी स्कुल स्थापना गरेर शुरु गरिएको बालशिक्षा वि.सं. २०२८ सालबाट पूर्वप्राथमिक शिक्षालाई निजी क्षेत्रबाट समेत सञ्चालन गर्न पाउने नीति अनुसार सञ्चालित भए (शर्मा, २०६२) । साथै संयुक्त राष्ट्र सङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा सन् १९४८ मा शिक्षा पाउँनु हरेक व्यक्तिको मौलिक अधिकारका रूपमा स्थापित कुरालाई संसार भर कार्यान्वायन गर्ने सन्दर्भमा सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रमअनुसार “सबैका लागि शिक्षा” को लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिबद्ध भएअनुरूप सो उद्देश्य पूरा गर्ने ध्येयले प्रारम्भिक बालशिक्षा सञ्चालित छन् ।

प्रारम्भिक बाल्यवस्थामा उचित विकास र सिक्ने अवसर पाउँनु प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गर्नका साथै शहस्राब्दि लक्ष्य “सबैका लागि शिक्षा” मा पुग्नको निम्ति नेपालले बालविकास केन्द्रहरू स्थापना गर्ने नीति लिएको पाइन्छ । प्रारम्भिक बालविकास सम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रमको अनुभव पाएका बालबालिकाहरू विद्यालयको वातावरणमा छिटो र बढी घुलमिल हुन सक्छन् भन्ने कुरा प्रमाणित गरेको छ । साथै प्रारम्भिक बाल्यकालमा हुने हेरचाह एवम् अभिप्रेरणाले भविष्यमा बालबालिकाहरूको स्वास्थ्य, पोषण, वृद्धि, सिकाइ, सोच्ने क्षमताका साथै अन्य बालबालिका तथा वयस्कहरूसँग गर्ने व्यवहार जस्ता मानव जीवनका हरेक पक्षको जग बस्ने हुदा यो शिक्षा महत्वपूर्ण मानिन्छ (प्रारम्भिक बाल्यकाल हेरचाह र विकासका लागि परामर्श समूह, सन् २०१३) । बालविकास शिक्षाले मानवको सर्वाङ्गीण विकास गराउने काममा महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्नु आजको आवश्यकता हो । यस अध्ययनको उद्देश्य नेपालमा प्रारम्भिक बालविकास शिक्षा सञ्चालनको वर्तमान अवस्था खोजि गर्नु रहेको छ । यसर्थ नेपालमा विद्यालयमा आधारित बालविकास शिक्षा अहिले कुन अवस्थाबाट सञ्चालन भई रहेका छन् भन्ने जिज्ञासाको सेरोफेरोमा यो अध्ययन सम्पन्न गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनको उद्देश्य पूरा गर्न गुणात्मक अनुसन्धानमा आधारित रहेर सम्पन्न गरिएको छ । अध्ययनमा सूचना शाब्दिक रूपमा सङ्कलन गरिएको छ भने विश्लेषण व्याख्यात्मक ढङ्गले गरिएको छ । बालविकास केन्द्रको वर्तमान अवस्थाका बारेमा नमुनामा परेका व्यक्तिहरूबाट खुला प्रश्नावली साथै अन्तर्वार्ता एवम् छलफल तथा अध्ययनकर्ताको स्थलगत अवलोकनबाट प्राथमिक स्रोतका सघन सूचना सङ्कलन गरिएको छ भने विषयसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित सामग्री द्वितीय स्रोत हुन् । यस अध्ययनमा अध्ययनकर्ताको सुविधालाई हेरेर इलाम नगरपालिकामा सञ्चालित छैसठीवटा विद्यालयमा आधारित बालविकास केन्द्र मध्ये चारवटा उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएको छ । यहाँ छानिएका चारवटा केन्द्रका बालविकास समिति अध्यक्ष चार जना, प्रधानाध्यापक चार जना, सहायक कार्यकर्ता (बालशिक्षक) चार जना तथा अभिभावक चार जना समेत उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएका छन् । अध्ययनको सिलसिलामा विभिन्न स्रोतबाट आएका सूचनाहरूलाई वर्गीकरण गर्दै अनुसन्धान प्रश्नहरूलाई अलग-अलग विषय-शीर्षकअन्तर्गत विश्लेषण एवम् छलफल गरिएको छ ।

## नतिजाको विश्लेषण

यस अध्ययनको नमुना छनोटमा परेका बालविकास केन्द्रका बालविकास समिति अध्यक्ष, प्रधानाध्यापक, बालशिक्षक तथा अभिभावकसँग अध्ययनकर्ता स्वयम् सम्बन्धित स्थानमा उपस्थित भएर खुला प्रश्नावली, अन्तर्वार्ता, छलफल एवम् अवलोकनबाट प्राप्त भएको सूचनालाई अलग-अलग विषय-शीर्षकमा निम्न बुँदा अन्तर्गत विश्लेषण गरिएको छ ।

### बालविकास केन्द्रको वर्तमान अवस्था

नमुना छनोटमा परेका बालविकास केन्द्रको वर्तमान अवस्थाका सम्बन्धमा सरोकारवालाहरूबाट आएका सूचनाहरूलाई तल उल्लिखित बुँदाका आधारमा प्रस्तुत गरिएको छ ।

### बालविकास समिति

बालविकास समिति गठन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने हुन्छ । केन्द्रको भौतिक निर्माणदेखि लिएर शैक्षिक, प्रशासनिक, आर्थिक, मानव संसाधन लगायत विविध पक्षहरूको व्यवस्थापनको जिम्मेवारी यस समितिलाई दिइएको हुन्छ । छनोटमा परेका केन्द्रहरूको सञ्चालनका लागि गठन गरिएका बालविकास समितिको अवस्था हेर्दा सबै केन्द्रहरूको सोही विद्यालयमा गठन भएको व्यवस्थापन समितिले नै बालविकास केन्द्रको पनि व्यवस्थापनको काम गर्दै आएको पाइयो ।

### भौतिक

यस अध्ययनको नमुना छनोटमा परेका बालविकास केन्द्रहरूको भौतिक सुविधाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १**

*बालविकास केन्द्रको भौतिक अवस्था ।*

| क्र. स. | भौतिक विवरण | बालविकास केन्द्र | | | |
|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| १ | निजी जमिन | छ | छ | छ | छ |
| २ | निजी भवन | छ | छ | छ | छ |
| ३ | शौचालय | मध्यम स्तरको | मध्यम स्तरको | मध्यम स्तरको | मध्यम स्तरको |
| ४ | फूलबारी | छ | छ | छ | छ |
| ५ | खेल मैदान | छैन | छैन | छुट्टै छैन | छुट्टै छैन |
| ६ | पिउँने पानी | छ | छैन | छैन | छैन |
| ७ | कम्पाउण्ड | पक्की छ | पक्की छ | पक्की छ | पक्की छैन |

(*स्रोत:* स्थलगत सर्वेक्षण, २०८१)

बालविकास केन्द्रको भौतिक अवस्था हेर्दा विद्यालयको निजी जमिनमा बनेको कक्षाकोठामा नै सबै बालकक्षा सञ्चालन भएको पाइयो । नमुना छनोटमा परेका बालविकास केन्द्र सबैमा केन्द्रका लागि छुट्टै भवन पाइएन । सबै केन्द्रका शौचालय मध्यम स्तरका मात्र छन् । बालविकास केन्द्रका लागि फूलबारी निर्माण भएको छैन । नमुना छनोटमा परेका बालविकास केन्द्रहरू मध्ये पहिलो र दोस्रो केन्द्रमा खेलमैदानको अभाव रहेको पाइयो भने तेस्रो र चौथो केन्द्रमा भने विद्यालयको खेलमैदानमा नै बच्चाहरू पनि सँगै खेल्ने व्यवस्था मिलाएको पाइयो । पहिलो केन्द्र बाहेक अरु केन्द्रमा पिउने पानीको धारा छैन । तत्कालका लागि विद्यार्थीलाई खानेपानीको समस्या समाधान गर्न कुवाको पानी खाने व्यवस्था मिलाइएको छ । कक्षा कोठाको भुइँमा सिमेन्ट लगाइएको हुँदा बालबालिका बस्नको लागि चिसो नआउने गरी कार्पेटको व्यवस्था पूर्ण रूपमा भएको देखिएन ।

## कक्षाकोठा व्यवस्थापन

यस अध्ययनमा बालविकास केन्द्रहरूको कक्षाकोठा व्यवस्थापनका सन्दर्भमा नमुना छनोटमा परेका उत्तरदाताहरूबाट अध्ययनकर्ताले प्राप्त गरेको सूचनालाई निम्नअनुसार तालिकाबद्ध गरी प्रस्तुत गरिएको छ।

**तालिका २**

*बालविकास केन्द्रमा कक्षाकोठा व्यवस्थापनको विवरण ।*

| क्र. स. | विवरण | बालविकास केन्द्र | | | |
|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| १ | कक्षाकोठाको उपयुक्तता | सानो छ | भएको छ | सानो छ | भएको छ |
| २ | भित्ते लेखन | छ | आंशिक | आंशिक | छ |
| ३ | कार्पेट कक्षाकोठामा | आधा | भरी | आधा | भरी |
| ४ | डस्बिन | छ | छ | छ | छ |
| ५ | दराज | छ | छ | छ | छ |
| ६ | श्वेत पाटी | छ | छ | छ | छ |
| ७ | टेलिभिजन | १ | १ | ० | ० |
| ८ | चकटी | १२ | २० | १४ | १७ |
| ९ | टेवल | ३ | ६ | १ | ० |
| १० | कक्षाकोठामा प्रकाश | ठिक | ठिक | कम | ठिक |
| ११ | सिलिङ फ्यान | छ | छ | छैन | छ |
| १२ | जुत्ता र झोला राख्ने ऱ्याक | २ | २ | छैन | २ |

(*स्रोत:* स्थलगत सर्वेक्षण, २०८१)

यस अध्ययनको नमुना छनोटमा परेका सबै बालविकास केन्द्रहरूको बालशिक्षाका लागि छुट्टै कक्षाकोठा निर्माण नगरिएको हुँदा विद्यालयका कक्षाकोठालाई नै बालशिक्षा प्रदान गर्ने कक्षाकोठाका रूपमा उपयोग गरेको पाइयो। यहाँ पहिलो र तेस्रो केन्द्रले प्रयोग गरेका कक्षाकोठा विद्यार्थी सङ्ख्याका आधारमा हेर्दा सानो देखिन्छ भने बाँकी दुईवटा केन्द्रमा कक्षाकोठाको आकार मिलेकै देखिन्छ। त्यस्तै पहिलो र तेस्रो केन्द्रको कक्षाकोठाको भुँइमा आधा ठाउँमात्र कार्पेटले ढाकेको पाइयो भने अन्य केन्द्रको पूरै कक्षाकोठामा कार्पेटले ढाकेको पाइयो। सबै केन्द्रमा डस्बिन र श्वेत पाटी रहेको देखिन्छ भने तेस्रो बालविकास केन्द्रको कक्षाकोठामा उज्यालो राम्रो पुगेको देखिदैन। त्यस्तै तेस्रो केन्द्रमा फ्यान र जुत्ता राख्ने ऱ्याकसमेतको व्यवस्था भएको पाइएन।

## पोषण तथा सुरक्षा

यस अध्ययनको नमुना छनोटमा परेका बालविकास केन्द्रहरूको पोषण तथा सुरक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३**

*बालविकास केन्द्रमा बच्चालाई दिइँने दिवा खाजाको विवरण ।*

| क्र. स. | बालविकास केन्द्र | दिवा खाजा | कैफियत |
|---|---|---|---|
| १. | पहिलो | चिउरा, मुरही, अण्डा, खिर र विस्कुट | |
| २. | दोस्रो | फ्राइड राइस, हलुवा, चना, मुरही र जाउलो | |
| ३. | तेस्रो | विस्कुट, भुटेको मकै, जाउलो, चना र मुरही | |
| ४. | चौथो | खिर, विस्कुट, भुटेको मकै र अण्डा | |

*(स्रोत:* स्थलगत सर्वेक्षण, २०८१)

नेपाल सरकारले बालबालिकाहरूलाई शिक्षामा अभिप्रेरित गर्न दिवाखाजाको लागि निश्चित रकम विद्यालयलाई प्रदान गर्दछ । विद्यालयले सो रकमको अधीनमा रही बालबालिकालाई खाजा खाने व्यवस्था मिलाउनु पर्दछ । यस अध्ययनमा तीनवटा बालविकास केन्द्रहरूले दिवा खाजामा विस्कुट जस्ता बनीबनाउ खानेकुरा पनि खुवाउने गरेको पाइयो । यसैले यस्ता बनिबनाउ खानेकुरा खुवाउन निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

## सहायक कार्यकर्ता (बालशिक्षक)

नमुना छनोटमा परेको पहिलो, दोस्रो, तेस्रो र चौथो बालविकास केन्द्रमा कार्यरत बालशिक्षकहरूको शैक्षिक योग्यता क्रमशः एसइइ, ७ कक्षा उत्तीर्ण, ८ कक्षा उत्तीर्ण र कक्षा १२ उत्तीर्ण रहेको छ । यो निर्धारित योग्यता भन्दा ३ वटा केन्द्रको कम रहेको पाइयो । बालविकास केन्द्रमा कार्यरत बालशिक्षक (सहायक कार्यकर्ता) लाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम रकम जम्मा रू. १५०००/ दिएर एक महिना काममा लगाइन्छ । बालविकास केन्द्रमा बाल शिक्षकले ४ घण्टा काम गर्नुपर्नेमा विद्यालयले दश बजेदेखि चार बजेसम्म नै काम लगाएको पाइयो । त्यस्तै एउटा बालविकास केन्द्रमा एउटामात्र बालशिक्षकको व्यवस्था भएको हुँदा विदामा बस्नु पर्ने अवस्था आयो भने विद्यालयले अन्य शिक्षकलाई सो काममा खटाउने गरेको पाइएन ।

## शैक्षिक सामग्री

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सहयोग गर्ने सामग्रीहरू नै शैक्षिक सामग्री हुन् । बालविकास केन्द्रमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शिक्षण गर्दा शैक्षिक सामग्रीको झन धेरै महŒव हुन्छ । नमुना छनोटमा परेका पहिलो र दोस्रो केन्द्रमा इन्टरनेटसहित स्मार्ट टेलिभिजन जडान भएको हुँदा त्यहाँ शैक्षिक सामग्रीको उपलब्धता राम्रै रहेको देखिन्छ भने तेस्रो केन्द्रमा अरु भन्दा कमजोर अवस्था देखिन्छ । तेस्रो र चौथो केन्द्र रहेका विद्यालयको आम्दानी कम भएका कारण इन्टरनेट सुविधाको अभाव रहेको पाइयो । त्यस्तै चौथो केन्द्रमा श्वेतपाटीको उपलब्धता नभए पनि शैक्षिक सामग्रीले कक्षाकोठा सजाएको पाइयो । त्यहाँ राष्ट्रिय गानको भित्ते लेखन, वाद्यवादन साथै विभिन्न जातिहरूको पहिरनका सामान लगायतका सामग्रीहरूले कक्षाकोठा सजाइएको पाइयो ।

## शिक्षण विधि

यस अध्ययनमा बालविकास केन्द्रहरूमा कक्षाकोठा क्रियाकलाप गर्दा अवलम्बन गरिने शिक्षण विधिहरूलाई नमुना छनोटमा परेका उत्तरदाताहरूबाट प्राप्त गरेको सूचनालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४**

*बालविकास केन्द्रमा प्रयोग गरिने शिक्षण विधिको विवरण ।*

| क्र. स. | बालविकास केन्द्र | *शिक्षण विधिको विवरण* | कैफियत |
|---|---|---|---|
| १. | पहिलो | खेल, नाटक, छलफल, प्रदर्शन, पढ्ने र लेख्ने | |

| | | |
|---|---|---|
| **२.** | **दोस्रो** | **गीत, नाटक, छलफल, प्रदर्शन, पढ्ने र लेख्ने** |
| **३.** | **तेस्रो** | **गीत, खेल, नाटक, प्रदर्शन, पढ्ने र लेख्ने** |
| **४.** | **चौथो** | **खेल, कथाकथन, अभिनय, नाटक, छलफल, पढ्ने र लेख्ने** |

(*स्रोत:* स्थलगत सर्वेक्षण, २०८१)

बालविकास केन्द्रमा बालबालिकालाई म पढ्दैछु अथवा अप्ठ्यारो काम गर्दैछु वा गर्न लगाइँदैछ भन्ने अनुभूति नगरी सहज र स्वाभाविक रूपमा विषयवस्तु सिक्ने स्थितिको सिर्जना गर्नुपर्छ। त्यो सहजता खेलका माध्यमबाट अथवा गीतका माध्यमबाट अथवा कुराकानी, कथा, टुक्का, अभिनय, प्रदर्शनको माध्यमबाट हुन सक्छ। नमुना छनोटमा परेका सबै बालविकास केन्द्रहरूले बालबालिकले सहज अनुभूति गर्दै विषयवस्तु सिक्ने शिक्षणविधिका अलावा बालबालिकाले अप्ठ्यारो महसुस गर्ने खालका (पढ्ने, लेख्ने) शिक्षण विधि पनि अवलम्बन गरेको पाइयो।

## मूल्याङ्कन

विद्यार्थीले प्राप्त गरेका उपलब्धिको लेखाजोखा गर्नु मूल्याङ्कन हो। छनोटमा परेका बालविकास केन्द्रहरूमा बालबालिकाहरूको व्यवहारको अभिलेख, अक्षर चिनेको आधार, हाजिरी अभिलेख, भर्ना अभिलेख, उमेर चढाइसँगै बच्चामा आएको व्यवहार परिवर्तन लगायतका निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रक्रियाहरू अवलम्बन गरेर विद्यार्थीहरूको मूल्याङ्कन गरी माथिल्लो कक्षामा अध्ययन गर्न स्वीकृति प्रदान गर्ने गरेको पाइयो।

## सरसफाई

बालविकास केन्द्रको सरसफाई भन्नाले विद्यालय परिसर, कक्षाकोठा, विद्यार्थी एवम् संलग्न शिक्षकहरू लगायतको सफाइको अवस्थालाई बुझिन्छ। छनोटमा परेका बालविकास केन्द्रहरूको सरसफाईको अवस्था हेर्दा सबै केन्द्रमा डस्बिनको व्यवस्था रहेको साथै फोहोर फाल्ने निश्चित ठाँउको प्रयोग गरेको देखिन्छ। सहायक कार्यकर्ताले नियमित रूपमा बच्चाको सरसफाई जाच गरेको पाइयो। त्यस्तै शौचालयबाट फर्केपछि साबुन पानीले मिचिमिची हात धुन सिकाउने गरेको पाइयो। छनोटमा परेको दोस्रो केन्द्रको कार्पेट पुरानो भई फोहोर देखिने अवस्थामा रहेको पाइयो। त्यस्तै पहिलो र तेस्रो बालविकास केन्द्रको कक्षाको आधा कोठामा मात्र कार्पेटले ढाकेको हुँदा हुनुपर्ने जति सफा देखिएन साथै चौथो केन्द्रको कक्षाकोठाको सरसफाई राम्रो देखियो। तेस्रो र चौथो केन्द्रको कम्पाउण्ड परिसरभित्र सरसफाईको अझै राम्रो व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

## छलफल

यस अध्ययनमा प्रश्नावली, अन्तर्वार्ता, छलफल एवम् स्थलगत अवलोकनका माध्यमबाट प्राप्त सूचनाका आधारमा प्रारम्भिक वालविकास केन्द्रमा देखिएका समस्या तथा तिनका समाधानका लागि सुधार गर्नुपर्ने उपायहरू यस खण्डमा छलफल गरिएको छ।

प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाहरूको सबै पक्षको विकास गर्न कक्षाकोठा फराकिला, उज्याला, हावा आवतजावत गर्ने हुनुपर्दछ। नमुना छनोटमा परेको तेस्रो बालविकास केन्द्रमा कक्षाकोठा विद्यार्थीको सङ्ख्याका आधारमा सानो देखिएको छ भने अन्यको आकार ठिकै देखिन्छ। त्यस्तै नमुना छनोटमा परेका पहिलो, दोस्रो र तेस्रो बालविकास केन्द्रमा किताव र जुत्ता राख्ने ऱ्याकको व्यवस्था अपुग देखिएको छ। पहिलो र तेस्रो बालविकास केन्द्रको कक्षाकोठामा आधा मात्र कार्पेट लगाइएको छ। तुलनात्मक रूपमा हेर्दा तेस्रो बालविकास केन्द्रको भौतिक अवस्था कमजोर देखिन्छ। स्थानीय तहहरूले बालविकास कक्षाका लागि छुट्टै कम्पाउण्डसहितको कक्षाकोठाको व्यवस्था गर्नुपर्दछ। बालविकास केन्द्रका कच्ची भवनलाई भूकम्प प्रतिरोधात्मक सुविधा सम्पन्न बालमैत्री पक्की भवन निर्माण गरेर विस्थापित गर्नुपर्छ।

विद्यार्थीहरूको शारीरिक, मानसिक, संवेगात्मक, शैक्षिक लगायत समग्र विकास गर्न कितावी ज्ञानका अलावा खेलमैदानमा शारीरिक कसरत हुने क्रियाकलाप गराउनु आवश्यक हुन्छ। छनोटमा परेका पहिलो र दोस्रो बालविकास केन्द्रमा बालकका लागि छुट्टै खेलमैदान नभए पनि अरु कक्षाका विद्यार्थीहरू सँगै मिलेर खेल्न सक्ने अवस्था देखिन्छ भने तेस्रो र चौथो केन्द्रमा खेलमैदानको नै अभाव रहेको छ। यस सम्बन्धमा दोस्रो बालविकास केन्द्रका बालशिक्षक यसो भन्नु हुन्छ।

"बालबालिकाहरूको समग्र विकासका लागि शारीरिक व्यायाम आवश्यक छ तर हाम्रो केन्द्रमा बच्चाहरूका लागि अलग्गै खेलखेल्ने स्थान एवम् मैदान छैन । ठुला विद्यार्थीहरू सँगै खेल्नु गर्ने बाध्यात्मक अवस्था छ । यसरी ठुला विद्यार्थी र बालविकास केन्द्रका बच्चाहरू सँगै खेल्दा दुर्घटना हुने सम्भावना रहन्छ ।"

हेकम्यान (सन् २०००) का अनुसार पोषिलो खाना, शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक बालविकास उमेरका वच्चाहरूको मस्तिष्क विकासका लागि अतिआवश्यक कुराहरू हुन् । वुस्तिष्टा र अन्य (सन् २०२४) का अनुसार प्रारम्भिक बालविकास शिक्षामा संगित शिक्षालाई समेत समावेस गर्न प्रथमिकता दिनु पर्दछ। यसबाट शारीरिक व्यायाम हरेक बालविकास केन्द्रमा आवश्यक देखिने हुँदा बालबालिकाहरूका लागि कम्पाउण्डसहितको छुट्टै खेलमैदानको व्यवस्था गर्ने नीति विभिन्न तहका सरकारले ल्याउनु जरुरी छ ।

योजना तर्जुमा जति नै महत्वपूर्ण पक्ष यसको अनुगमन एवम् निरीक्षण गर्ने काम हो । बालविकास केन्द्र सञ्चालनमा के कस्ता समस्याहरू रहेका छन् ? योजना निर्माणको भावनाअनुसार केन्द्रहरू सञ्चालन भएका छन् ? यसका सुधार गर्नुपर्ने पक्षहरू के के छन् ? त्यसका लागि के कस्तो नीति नियमको जरुरी पर्दछ ? जस्ता बिषय अनुगमनबाट निर्क्योल गर्न सकिन्छ । नमुना छनोटमा परेका तेस्रो र चौथो बालविकास केन्द्रमा व्यवस्थापन समिति पदाधिकारीहरू, जनप्रतिनिधिहरूले समय समयमा अनुगमन तथा निरीक्षण गरेको देखियो भने शिक्षाशाखाबाट चाँही वर्षमा एक पटकमात्र अनुगमन हुने गरेको देखियो । त्यस्तै पहिलो र दोस्रो केन्द्रमा विभिन्न पक्षबाट अनुगमन गरिए पनि महत्वपूर्ण चाँही कममात्र दिएको देखियो ।

बालकक्षामा अध्ययन गर्न आउने बालबालिकाहरू चार बर्ष पूरा भएको हुनुपर्ने प्रावधान हुँदा हुँदै अभिभावकहरूले त्यो भन्दा कम उमेरका बालबालिका पनि बालविकास केन्द्रमा पठाएको पाइयो । यसले पठनपाठनमा समस्या ल्याएको देखिन्छ । बालविकास केन्द्रमा सरोकारवालाहरूलाई जिम्मेवार वनाउनु आवश्यक छ (दहाल, सन् २०२४) । हाम्रा अभिभावकहरूलाई बालविकास केन्द्रको सबै पक्षमा जानकारीको अभाव रहेको देखिन्छ । जानकारी अभावले गर्दा बालविकास केन्द्रहरूमा बालबालिकाहरूको समग्र विकासमा समस्या आउने हुँदा स्थानीय अभिभावकहरूलाई यस विषयमा जागरण गराउँन गोष्ठीको आयोजना गर्नुपर्ने देखिन्छ ।

शिक्षण सिकाइ क्रियाकलापलाई लक्षित उपलब्धि प्राप्त हुने दिशामा उन्मुख गराउन सहयोग गर्ने सामग्री नै शैक्षिक सामग्री हुन् । छनोटमा परेका बालविकास केन्द्रमा शैक्षिक सामग्रीको अवस्था हेर्दा समय सापेक्ष शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध गराउन सकिएको देखिंदैन । थोर्नडाइक (सन् १९०६) काअनुसार कक्षामा शैक्षिक सामग्रीहरूको प्रयोग गर्दा विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा अभिप्रेरित गर्नुका साथै पाठलाई अझ राम्रोसँग बुझ्न मद्दत गर्दछ तर हाम्रा बालविकास केन्द्रमा शैक्षिक सामग्रीहरूको कमी नै देखिन्छ । यसर्थ सिकाइको क्षेत्रमा आएका नवीनतम सामग्रीको प्रयोग गरी बालशिक्षामा शिक्षण क्रियाकलाप सञ्चालन गर्नु जरुरी हुन्छ । छनोटमा परेका केन्द्रहरू मध्ये पहिलो र दोस्रोमा इन्टरनेटसहितको टेलिभिजनको व्यवस्था गरिएको छ भने अन्य दुईवटा केन्द्रमा आर्थिक अभावका कारण त्यतिसम्म पनि गर्न सकिएको छैन । बालविकास केन्द्रमा भाषा, गणित, अभिनय, सिर्जनात्मकता, स्वावलम्बन सिप, विज्ञान, शारीरिक एवम् खेल सम्बन्धी न्यूनतम सामग्रीको व्यवस्थापन गर्ने नीति सरकारले निर्माण गर्नुपर्छ ।

कुनै पनि कक्षा वा तहमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक पर्ने पाठ्यक्रम, पाठ्यपुस्तक एवम् सहायक सामग्रीहरू उपलब्ध हुनु अनिवार्य शर्त हो । यस अध्ययनमा नमुना छनोटमा परेका पहिलो र तेस्रो बालविकास केन्द्रहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक एवम् सहायक सामग्रीहरूको अभाव रहेको देखिन्छ भने अन्य केन्द्रमा भने यी सामग्रीहरूको आपूर्ति आंशिक रूपमा भएको देखिन्छ ।

बालविकास केन्द्रका सहायक कार्यकर्ताहरू त्यहाँका जिम्मेवार कर्मचारीहरू हुन् । उनीहरूले अभिभावकसँग समन्वय गरी स्थानीय स्तरमा केन्द्रको विकास गर्ने अभियान नै सञ्चालन गर्न सक्दछन् । यस्तै केन्द्रको विकास गर्न आवश्यक पर्ने ठाउँमा उनीहरूले सूचना तथा जानकारी समेत अभिभावकहरूलाई उपलब्ध गराएर अभियानको नेतृत्व गर्नुपर्ने हुँदा केन्द्रको समग्र विकासमा उनीहरूको भूमिका महत्वपूर्ण हुन्छ। यति महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बालविकास शिक्षकलाई न्यून पारिश्रमिक एवम् सुविधा दिएका कारण उनीहरूको मनोबल उच्च बनाउन सकिएको छैन । साथै उनीहरूले प्रतिदिन ४ घण्टा काम गर्नुपर्ने प्रावधान भएपनि दिनभरि नै काम गर्नुपर्ने अवस्था सिर्जना गरिएको छ । कुनै पनि सङ्गठनमा काम गर्ने कर्मचारीको मनोबल उच्च हुनु भनेको त्यो सङ्गठन सुदृढ हुने वलियो आधार हो । नमुना छनोटमा परेको चौथो बालविकास केन्द्रका शिक्षकको भनाइ यस्तो छ ।

> "आफू कुनै दिन केन्द्रमा उपस्थित हुन नसकेको समयमा विद्यालयमा अरु स्टाफहरूले सहयोग गर्नु हुन्न । तिम्रा विद्यार्थी तिमी जे सुकै गर भन्नु हुन्छ । हाम्रै जागिरको कुनै ग्यारेन्टी छैन, सेवा सुविधा थोरै छ, राज्य तथा अन्य व्यक्तिहरूले सहयोग पनि गर्नु हुन्न ।"

यसैले बालविकास शिक्षकको पेशागत सुरक्षाको सुनिश्चितता हुने अवस्थाको सिर्जना गर्नुपर्दछ ।

स्वस्थ्य खानेकुरा एवम् शुद्ध पिउने पानी पाउनु सबै बालबालिकाहरूको मौलिक अधिकार हो । बालकक्षामा अध्ययन गर्ने बालबालिकालाई स्वच्छ एवम् सफा पिउने पानी उपलब्ध हुनु पर्दछ । यस अध्ययनको नमुना छनोटमा परेका केन्द्रहरू मध्ये पहिलो बालविकास केन्द्रवाहेक अरु तीनवटै केन्द्रमा स्वच्छ एवम् सफा खानेपानीको आपूर्तिको अभाव देखिन्छ । बालविकास केन्द्रमा अध्ययन गर्न आउने बालबालिकाहरूलाई दिउँसो दिइने खाजा ताजा एवम् पोषणयुक्त हुनुपर्दछ । अध्ययनमा छनोट भएका बालविकास केन्द्रहरूमा खाजाका रूपमा विस्कुट पनि दिने गरेको देखिन्छ । विस्कुट ताजा र पोषणयुक्त खानामा पर्दैन । बार्नेट र नोरेस (सन् २०१२) काअनुसार बालबालिकाहरूको सबै पक्षमा विकास हुन स्वास्थ्यवर्धक खानेकुराका साथै सरसफाईमा समेत ध्यान दिनुपर्दछ । हामीले स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा दाताहरूको खोजी गर्न सकियो भने बालविकास केन्द्रमा पिउने पानी लगायतका भौतिक अवस्था सुधार गर्न सकिन्छ । यस्ता दाताहरूको खोजी गर्न बालविकास केन्द्रलाई बजारीकरण गर्नुपर्दछ । साथै बालबिकास केन्द्रमा विस्कुट जस्ता तयारी खाजालाई निरुत्साहित गर्दै खाजामा थप विविधतायुक्त बनाउदै स्वास्थ्यवर्धक खानेकुराका सम्बन्धमा बालशिक्षकलाई खाद्य विशेषज्ञबाट अभिमुखीकरण गराउने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

प्रारम्भिक बालविकासको अनुभव लिएका बालवालिकाहरू विद्यालयको वातावरणमा छिटो घुलमिल हुन सक्ने भएको हुँदा यसको विकासले "सबैका लागि शिक्षा" को लक्ष्यमा पुग्ने आधार बन्नेछ । अध्ययनमा बालविकास केन्द्रका लागि छुट्टै भवन तथा कक्षाकोठा लगायत सम्पूर्ण भौतिक संरचना एवम् शैक्षिक क्रियाकलाप बालमैत्री निर्माण भएर बालबालिकाहरू घर भन्दा केन्द्रमा गएर समय बिताउन मन पराउने अवस्था हुनुपर्नेमा विद्यालयमा आधारित बालविकास केन्द्रहरू बालविकासको भावनाअनुरूप सञ्चालन भएको देखिएन । त्यसैले बालविकास केन्द्रको सम्पूर्ण वातावरण बालमैत्री रूपमा विकास गर्न सम्पूर्ण सरोकारवालाहरू लाग्नु पर्दछ । बालविकास केन्द्रमा पिउने पानी, प्रकाश, ऱ्याक, दिवाखाजामा अर्ग्यानिक खानेकुराको व्यवस्था, बालमैत्री  भौतिक संरचना एवम् शैक्षिक क्रियाकलाप, बालशिक्षकको योग्यता तथा कम पारिश्रमिक लगायत कक्षाकोठा एवम् कक्षाकोठा बाहिर सरसफाइमा कमजोरी देखिएको छ । यी कमजोरीलाई सुधार गरी पूर्ण बालमैत्री वातावरण निर्माण गर्न सकियो भने बालविकास केन्द्रले लक्ष्यमा पुग्न सक्ने अवस्था देखिन्छ । स्थानीय सरोकारवाला, अभिभावक तथा बालविकास केन्द्रबिच सुमधुर सम्बन्ध हुनु आवश्यक छ । अभिभावकहरूलाई यो बालविकास केन्द्र हाम्रो हो । यसको संरक्षण र विकास गर्ने दायित्व पनि हाम्रो नै हो । यसले हाम्रो समुदायका कलिला बालबालिकालाई सक्षम नागरिक बनाउन सहयोग गर्दछ । यसैले बालविकास केन्द्र समुदायको सम्पत्ति हो भन्ने भावना आमनागरिकमा विकास गर्न सकियो भने राम्रो र गुणस्तरीय बालविकास केन्द्रको निर्माणमा सहजता पैदा हुन्छ ।

## सन्दर्भ सूची

कोइराला र अन्य (२०६५). *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार.* थर्डआइ पब्लिकेशन ।

थापा, नरप्रसाद, गुरागाईं, देव कुमारी (२०६३). *प्राथमिक शिक्षकको गाइड.* बौद्धिक संसार प्रकाशन तथा परामर्श सेवा प्रा.लि. ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९). *नेपाली बृहत् शब्दकोश.* लेखक ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७७). *प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८.* लेखक ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७). *प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम २०७७.* लेखक ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०६१). *प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका-२०६१.* लेखक ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६). *प्रारम्भिक बालविकास र बालबालिकाको सिकाइ तथा विकास स्तर परीक्षण २०७५.* लेखक ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६). राष्ट्रिय शिक्षा नीति, २०७६. लेखक ।

शर्मा, गोपीनाथ (२०६२). *नेपालको शिक्षाको इतिहास* (भाग-१, दोस्रो संस्करण). मकालु प्रकाशन ।

शिक्षा विभाग (सन् २००३). *सबैका लागि शिक्षा (२००४-२००९) मुख्य दस्तावेज.* लेखक ।

Barnett, W. S., & Nores, M. (2012). *Investing in early childhood education: A global perspective*. National Institute for Early Education Research.

Bautistaa, A. , Yeunga, J. , Mclarena, M. L. & Ilari, B. (2024). Music in early childhood teacher education: raising awareness of a worrisome reality and proposing strategies to move forward. *Arts Education Policy Review, 125*(3), 139–149. https://doi.org/10.1080/10632913.2022.2043969

Consultative Group on Early Childhood Care and Development. (2013). *The importance of early childhood development to education.* Prepared for the global meeting of the thematic consultation on education Post -2015 Development Agenda. Dakar, March 18–19, 2013.

Dahal, M. (2024). Early childhood development programs in Nepal: Opportunities and challenges. *Journal of Productive Discourse, 2*(1), 35–46. https://doi.org/10.3126/prod.v2i1.65725

Evans, J. L., Mayers, R. G. & Ilfeld, E. M. (2000). *Early childhood counts: A investment for the future.* World Bank.

Heckman, J., (2000). Four Big Benefits of Investing Childhood Development. Available at www.heckmanequation.org.

Taguma, M., Litjens, I., & Makowiecki, K. (2012). *Quality matters in early childhood education and care.* OECD Publishing.

Thorndike, E. L. (1906). *The principles of teaching based on psychology.* A. G. Seiler.

Young, M. (2002). *Early childhood development to human development: An investment for the future.* World Bank.

Zachrisson, H. D., Eric Dearing,E., Borgen, N.T., Sandsor,A.M., & Lynn A. Karoly, L.A. (2024). Universal Early Childhood Education and Care for Toddlers and Achievement Outcomes in Middle Childhood. *Journal of Research on Educational Effectiveness, 17*(2), 259–287. https://doi.org/10.1080/19345747.2023.218732